काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, काठमाडौं, नेपाल

पत्र संख्याः- ०८०/०८१
चलानी नं.:- २४१

मिति .....२०८०।५।५.....

# दोस्रो तथा अन्तिम भर्ना सूची प्रकाशन गरिएको सूचना ।

काठमाडौं महानगरपालिकाबाट मिति २०८०।४।२० गते सञ्चालित छात्रवृत्ति परीक्षाको अन्तिम योग्यताक्रमको सूचीका आधारमा परीक्षार्थीलाई आफूले अध्ययन गर्न चाहेको शिक्षण संस्थाको प्राथमिकता निर्धारण गर्न मिति २०८०।४।२७ गतेसम्म समय प्रदान गरिएकामा उक्त समयमा प्राथमिकता निर्धारण गरेका उम्मेदवारको योग्यताक्रम र प्राथमिकताका आधारमा मिति २०८०।४।३१ गते प्रकाशन भएको प्रथम भर्ना सूचीमा परेका विद्यार्थीको भर्ना गर्न मिति २०८०।५।३ गतेसम्म म्याद दिइएको र उक्त समयमा भर्ना नगरी खाली हुन आएका सिटमा भर्नाका लागि दोस्रो भर्ना सूची प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारीका लागि अनुरोध छ । तपसिलबमोजिमको भर्ना तालिकाअनुसार तोकिएको शिक्षण संस्थामा भर्ना हुन जान सम्बन्धित सबै विद्यार्थीलाई सूचित गरिन्छ ।

**पुनश्च: विद्यार्थी भर्नासम्बन्धी देहायको समय तालिकाअनुसार भर्ना हुन “Check your Status” मा गई अध्ययनका लागि सिफारिश भएको शिक्षण संस्थाको पत्र डाउनलोड गरी सम्बन्धित शिक्षण संस्थामा भर्ना हुन जान र शिक्षण संस्थाले समेत यसै सूचनालाई आधार मानी विद्यार्थी भर्ना गरी यस विभागमा रिपोर्टिङ गर्नुहुन अनुरोध छ ।**
**माध्यमिक तहमा प्राविधिक धारका कक्षा ९ र १० अध्ययन गरेका विद्यार्थीले मात्र कक्षा ११ को प्राविधिक धारका विषयमा भर्ना हुन पाउने छन् भने पद्मकन्या विद्याश्रम मावि डिल्लीबजारका हकमा छात्रालाई मात्र भर्ना दिइने छ ।**

तपसिल

| SN | Particulars | मिति |
|---|---|---|
| १ | Result of Matching and Second List Admission **START** | मिति २०८०।५।५ गते |
| | **Last** date for admission | मिति २०८०।५।८ गते |

**नोटः प्राथमिकता क्रममा नरोजेको शिक्षण संस्थामा आफूभन्दा मुनीको योग्यताक्रमको विद्यार्थी छनोट भएमा कुनै दावी लाग्ने छैन ।**

.............................
(सीताराम कोइराला)
संयोजक, छात्रवृत्ति परीक्षा समिति तथा
शिक्षा अधिकारी

फोन नं.: +९७७-१-४२३१४८१ (प्रमुख), +९७७-१-४२४९१९० (उप-प्रमुख), +९७७-१-४२३२८९२ (प्रमुख प्रशासकीय अधिकृत)
फ्याक्स नं.: +९७७-१-४२६८५०९, ईमेलः kmcmayor@mos.com.np, mayor@kathmandu.gov.np, ceo@kathmandu.gov.np
पोष्टबक्स नं. ८४१६, काठमाडौं, नेपाल, वेभसाइटः www.kathmandu.gov.np